**बागमती प्रदेश सरकार**

## श्रम, रोजगार तथा यातायात मन्त्रालयबाट

# माननीय मन्त्री श्री लक्ष्मण लम्सालज्यूको

**कार्यकाल अवधि (मिति २०८० जेठ ७ देखि मिति २०८१ साउन ६ सम्म)**

प्रिय पत्रकार मित्रहरू हार्दिक अभिवादन!

मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमको कारण बागमती प्रदेश सरकार नयाँ ढङ्गले जाने निश्चित भएको अवस्था यहाँहरूमा विदितै छ। मित्रहरू बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रीका रूपमा मैले 1 वर्ष 2 महिना काम गर्ने अवसर प्राप्त गरे। यो अवसरका लागि काविल ठानी पार्टीका तर्फबाट जिम्मेवारी दिने पार्टीका आदरणीय अध्यक्ष, क.माधब कुमार नेपाल र पार्टी पङती तथा मलाई निर्वाचित गर्ने काभ्रेबासी नागरिक र प्रदेश बासीमा हार्दिक आभार व्यक्त गर्दछु। मा.मुख्यमन्त्री शालिकराम जमरकट्टेलको मन्त्रिपरिषद्को सदस्यका रुपमा मैले 14 महिना काम गर्दा मा.मुख्यमन्त्रीले निर्वाह गर्नु भएको अभिभावकीय भूमिका स्मरणीय रहने छ। यस अवधिमा सकारात्मक कामका लागि सुझाउने मन्त्रिपरिषद्का सदस्य मित्रहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, मेरा शुभचिन्तक, प्रदेश बासी नागरिक, मन्त्रालय र मातहतका कर्मचारीहरू, पत्रकार एवं नागरिक समाजलाई हृदय देखि धन्यवाद ज्ञापन गर्न चाहन्छु। नागरिकको प्रतिनिधिका रुपमा कार्यकारी ठाउमा बसेर काम गर्दा थप परिपक्क भएको महसुस गरेको छु। मुलुक तथा राज्य सत्ता कसरी सञ्चालन हुन्छ, भइरहेको छ र कसरी गर्नुपर्ने रहेछ भन्ने ज्ञान प्राप्त भएको छ।

पत्रकार मित्रहरू,

श्रम, रोजगार तथा यातायात मन्त्रालय भएपनि अधिकार क्षेत्र र संवैधानिक अधिकार श्रम, रोजगारमा नरहेको अवस्थामा पनि केही प्रयत्नहरू गरिएको छ। नीति निर्माणको काम, कामको क्षेत्रको खोजी र विकासमा प्रदेशलाई अघि बढाउने कोसिस गरेको छु। प्रदेशको अधिकार क्षेत्र मिचिने कानून विरुद्ध संघीय सरकारसँग संवैधानिक बहसको आरम्भ भएको छ। यातायात क्षेत्रबाट नागरिकले पाउने सेवामा अनेकन प्रश्नहरू छन् त्यो प्रश्नहरूको हल एक व्यक्तिको ठाउमा अर्को व्यक्ति भर्ती वा सरुवाले मात्र समाधान हुँदैन प्रविधि मैत्री प्रणालीको विकास र कार्यान्वयनले मात्र सेवाग्राहीले सरल, सहज र यथोचित सेवा प्राप्त गर्न सक्दछन् भन्ने मेरो ठहर छ। यातायात नेपाली समाजको जीवन पद्धति बनिरहेको वर्तमान परिवेशमा सुधार त्यो पनि प्रविधिमा आधारित प्रणालीको विकासबाट मात्रै सम्भव छ। नेपालको यातायात क्षेत्रमा मूलतः नेपालीहरूको लगानीको हिस्सा बढी छ। मैले यातायात मन्त्रालय जिम्मा लिए पछि महत्वपूर्ण नीतिगत सुधार, कार्यालयहरू व्यवस्थित, सेवाहरू प्रविधि मैत्री, जनगुनासोको सम्बोधन, सरोकारवालासँग विभिन्न चरणमा छलफल गरेको छु। सबै पक्षका आवाज सुन्दै क्रमशः सुधार गर्ने प्रयत्न गरेको अवस्था छ। भविष्यमा यातायात सेवा सरल, सहज र नागरिक मैत्री बनाउने उद्देश्यका साथ मैले सम्पन्न गरेका कार्य र अघि सारेका केही महत्वपूर्ण कार्ययोजना तपाई पत्रकार मित्रहरू मार्फत सम्पूर्ण प्रदेशबासी र नेपाली नागरिकमा पुऱ्याउन सहज हुने विश्वासका साथ यो पत्रकार भेटघाट आयोजना गरेको जानकारी गराउदछु।

## सम्पादन भएका प्रमुख कार्यहरू:

१) यातायात व्यवस्था विभागबाट EDL System प्रदेश सरकार मातहत ल्याई जनअपेक्षा अनुसार छिटो छरितो र प्रभावकारी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन उक्त प्रविधिमा पहुँचको सुनिश्चितता र स्पेशिफिकेशन प्राप्त भई प्रिन्टिङ मेसिन र स्मार्टकार्ड खरिद प्रक्रिया अगाडि बढाउने अवस्था तयार गरिएको।

२) मन्त्रालय अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरूमा रहेको सवारी साधनहरूको अभिलेखलाई डिजिटलाइजेशन तथा आर्केभिङ गर्ने कार्यको पूर्वाधार (हार्डवेयर, सफ्टवेयर र जनशक्ति) तयार भई कार्य प्रारम्भ गर्ने अवस्था तयार गरिएको।

३) यातायात क्षेत्रलाई स्वचालित प्रविधिमा आधारित बनाउँदै लैजाने सोच अनुसार निजी सवारी साधनको कर भुक्तानी र ब्लुबुक नवीकरणअनलाइनपद्धति (TIMIS) बाट सुरु गरिएको।

४) सार्वजनिक सवारी साधनको पटके इजाजत लिने कार्यलाई अनलाइनपद्धतिबाट सुरु गरिएको।

५) मन्त्रालय अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा यातायात व्यवस्था कार्यालय स्थापना गरी सेवा प्रारम्भ गरिएको।

६) राइड शेयरिङ्ग सेवा संचालन कार्यविधि र विद्युतीय सार्वजनिक सवारी साधन सञ्चालन सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रीपरिषद) मा पेश गरिएको।

७) प्रदेश सरकारको कार्य क्षेत्रमा पर्ने "यातायात व्यवस्थापन" सम्बन्धी संवैधानिक अधिकारलाई हस्तक्षेप गरी संघीय सरकारले निर्माण गरेको कानूनले सही क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) ऐन २०४९ ले प्रदेशको कार्यक्षेत्र मात्र होइन राजश्वमा समेत प्रतिकूल असर पर्ने बनाएको हुँदा उक्त ऐन खारेजीका लागि कानूनी उपचारको प्रक्रिया अगाडिबढाई सर्वोच्च अदालत, संवैधानिक ईजलाशमा मुद्धा दर्ता गरिएकोमा उक्त मुद्धा विचाराधीन रहेको छ।

८) मन्त्रालय अन्तर्गतका यातायात व्यवस्था सेवा कार्यालयहरू सल्लाघारी र सानोभर्‍याङलाई स्तरोन्नति सहित स्थानान्तरण गर्ने, यातायात व्यवस्था कार्यालाय (सवारी चालक अनुमतिपत्र) ठूलोभर्‍याङलाई कंलकीमा स्थानान्तरण गर्ने निर्णय भई कार्यान्वयनको क्रममा रहेको।

९) प्रदेश भित्रका ९१ जना महिलालाई सम्बन्धितस्थानीय तहको सिफारिसमा व्यवसायिक सवारी चालक सम्बन्धीतालिम (चारपाङ्ग्रे) प्रदान गरी यातायात क्षेत्रमा महिला श्रमिकको पहुँच विस्तार गर्नुका साथै महिलालाई आर्थिक पहुँच निर्माण गर्ने एवं शशक्तिकरण गर्ने कार्यको थालनी गरिएको।

१०) सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रदेशका नौ वटा स्थानीय तहका २५० जना नागरिकलाई छोटो अवधिको विविध व्यवसायिक एवं सीपमूलक तालिम (३९० घण्टे) प्रदान गरी सीपयुक्त जनशक्ति तयार गर्ने कार्यक्रमको शुरुवात गरिएको।

११) बागमती प्रदेशको श्रम तथा रोजगार नीति-२०८० जारी गरिएको छ।

१२) सवारी चालक अनुमतिपत्रको लागि स्वास्थ्य परिक्षण शुल्कमा एकरुपता कायम गर्न प्रदेश सरकारबाट शुल्क निर्धारण गरिएको र कार्यान्वयन गर्ने गरी सुनिश्चितता गरिएको।

१३) प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, सवारी चालक प्रशिक्षण केन्द्र संचालन सम्बन्धी कार्यविधिर सवारी चालक प्रशिक्षण केन्द्र वर्कशप, रिकन्डिसन सम्बन्धीकार्यविधिमस्यौदा तयार गरिएको।

१४) काठमाडौं उपत्यका भित्र निजी क्षेत्रसँगको सहकार्यमा संचालन भइरहेका ट्रायल सेन्टरहरू मापदण्ड अनुसार नभएको भनी विभिन्न समयमा विभिन्न माध्यमबाट आएका गुनासोहरूलाई मध्यनजर गरी मन्त्रालयका सिनियर मेकानिकल इन्जिनियरको नेतृत्वमा सबै ट्रायल सेन्टरको नापजाँच गरी मापदण्ड अनुसार नभएका केही विषय तत्काल सुधार गर्न लगाइएको तथा ट्रायल

परिक्षालाई थप पारदर्शी बनाउन तोकिएका ट्रायल सेन्टरहरूमा २ (दुई) महिना भित्रमा क्षमतायुक्त सि.सि. क्यामेरा जडान गर्न ट्रायल सेन्टर संचालकहरूलाई निर्देशन दिइएको।

१५) मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था कार्यालय, गुर्जुधाराको कार्यालय भवन निर्माणका लागि काठमाडौं, गुर्जुधारामा संघीय सरकारको नाममा रहेको पाँच रोपनी जग्गाको स्वामित्व प्राप्त गरी कार्यालय भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवदेन तयार गरी निर्माण प्रक्रिया अगाडिबढाई यसै आ.व.मा भवन निर्माणका लागि बजेटको सुनिश्चितता गरिएको।

१६) सार्वजनिक यातायातमा हुने दुर्घटना न्यूनीकरण र सेवाग्राही प्रति गरिने व्यवहारमा सकारात्मक परिवर्तनको लागि चालक, सहचालकको लागि सचेतनामुलक अभिमुखिकरण कार्यक्रम गर्दै विद्यार्थीहरूको वीचमा सचेतना कार्यक्रम एवं ट्राफिक प्रहरीलाई केही प्रविधि हस्तान्तरण कार्य सम्पन्न गरिएको।

१७) मन्त्रालय अन्तर्गतको प्रायजसो यातायात व्यवस्था कार्यालयहरू निजी घर भाडामा लिई संचालन गरिंदै आएकोमा आफ्नै कार्यालय भवन निमार्ण गर्ने क्रममा काठमाडौं गुर्जुधारा भवन निर्माण प्रक्रिया अघि बढाईएको छ। त्यसै गरी निजी भवनको सट्टामा सरकारी भवनमा कार्यालयहरू संचालन गर्ने कार्यको सुरुवात गरि काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा वनेपा नगरपालिकाको भवनमा यातायात व्यवस्था कार्यालय स्थापना गरीएको छ। त्यसै गरी यातायात व्यवस्था कार्यालय चावहिल र भक्तपुरलाई पनि सरकारी भवनहरू पहिचान गरी स्थानान्तरण गर्ने प्रक्रिया अघि वढाईएको छ। अन्य कार्यालयहरू पनि सोही अनुरुप स्थानान्तरण गर्ने नीति अबलम्बन गरिएको।

१८) प्रदेश श्रम सल्लाकार परिषद गठन स्वीकृत गरिएको।

## चालु आर्थिक वर्ष २०८१/८२ मा संचालन गर्नका लागि बजेट मार्फत सम्बोधन गरिएका कार्यक्रमहरू

१) डिजिटाइजेन निरन्तरताका लागि बजेट सुनिश्चितता गरिएको।

२) यातायात व्यवस्था विभागबाट भईरहेको सवारी चालक अनुमति पत्र छपाईको कार्य आगामी दिनमा प्रदेश सरकार मार्फत संचालन गरी जनअपेक्षा अनुसार छिटो छरितो र प्रभावकारी सेवा प्रवाह गर्न प्रिन्टर र स्मार्ट कार्ड खरिद तथा प्रदेश स्तरीय प्रणाली निर्माण गर्न बजेट सुनिश्चितता गरिएको।

३) सार्वजनिक सवारी साधनमा Cashless प्रणाली लागू गर्न आवश्यक प्रणाली विकासका लागि बजेट सुनिश्चितता गरिएको।

४) सरकारी निकायबाट जफत भएका सवारी साधनहरूको अनुगमन, लगत सङ्कलन तथा लिलाम बिक्री व्यवस्थापनका लागि बजेट सुनिश्चितता गरिएको।

५) वर्कशप व्यवस्थित गर्न Auto land र Tool Bank स्थापनाका लागि बजेट व्यवस्था गरिएको।

६) यसै आ.व. मा ५०० जना सार्वजनिक सवारी साधन संचालन गर्ने महिला सवारी चालक तयार गर्न आवश्यक तालिम संचालनका लागि बजेट सुनिश्चितता गरिएको।

७) वैदेशिक रोजगारीबाट फर्केका युवाहरूका बीचमा संचालन गर्ने गरी तालिम र प्रविधि हस्तान्तरण कार्यक्रमका लागि बजेट सुनिश्चितता गरिएको।

८) अस्थारी/ज्यालादारी कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्धताको वातावरण निर्माण गर्न आवश्यक बजेट सुनिश्चितता गरिएको।

९) प्रदशे भित्रका सार्वजनिक यातायात क्षेत्रमा कार्यरत उत्कृष्ट चालक र सह चालक घोषणा गरी सम्मान गर्न कार्यक्रम तयार गरी बजेट सुनिश्चितता गरिएको।

१०) स्थानीय तह र विश्वविद्यालय समेतको सहकार्यमा स्थानीय श्रम, सीप र साधनको प्रवर्द्धन कार्यक्रमका लागि बजेट सुनिश्चितता गरिएको।

११) सवारी साधन लगायतका यन्त्र उपकरणमा हरित उर्जाको उपयोगिता बारे सम्भाव्यता अध्ययनका लागि बजेट सुनिश्चितता गरिएको।

१२) रोजगार मेला आयोजना सहभागिता र समन्वयका लागि बजेट सुनिश्चितता गरिएको।

१३) सुरक्षित आपवासन कार्यक्रम (सामी) लागत साझेदारी कार्यक्रमका लागि बजेट सुनिश्चितता गरिएको।

१४) यातायात व्यवस्था कार्यालयहरूको भवन निर्माणको लागि बजेट सुनिश्चितता गरिएको।

१५) यातायात कार्यालय र ट्रायल सेन्टरहरूको प्रविधि जडान मार्फत निरन्तर अनुगमन प्रणाली स्थापनाको लागि बजेट सुनिश्चितता गरिएको।

१६) सवारीचालक अनुमतिपत्र परीक्षाको लागि स्वचालित ट्रायल सेन्टर स्थापना र संचालनको लागि बजेट सुनिश्चितता गरिएको।

..........................................

**माननीय लक्ष्मण लम्साल**
**मन्त्री**
**श्रम, रोजगार तथा यातायात मन्त्रालय**
**बागमती प्रदेश**

**इति सम्बत् २081 साउन 06 गते आइतबार**